# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# तानसेन, पाल्पा
## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
## (दोस्रोपटक प्रकाशित मिति २०७५/०३/१६ गते)

आ.व. ०७५/०७६ बर्ष एकका लागि यस कार्यालयलाई आवश्यक पर्ने मसलन्द एवं स्टेशनरी सामान खरिद र छपाई सम्बन्धी कार्य सिलबन्दी दरभाउपत्रबाट गर्नु पर्ने भएकाले सम्बन्धित निकायमा दर्ता भई मसलन्द तथा स्टेशनरी र छपाई सम्बन्धी कार्य गर्न सम्बन्धित संस्थाबाट इजाजत प्राप्त रजिष्टर्ड फर्मबाट आफ्नो नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र र तानसेन नगरपालिका भित्रका व्यवसायीहरुले ता.न.पा.मा व्यवसाय दर्ता गरी व्यवसाय कर तिरेको रसिदको प्रतिलिपि संलग्न राखि निम्न लिखित शर्तहरुको अधिनमा रही तपशिल अनुसारको सिलबन्दी दरभाउपत्र आह्वानको दोस्रो पटक सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित मितिबाट २०७५/०४/०२२ गते कार्यालय समय सम्म दरभाउपत्र फाराम दस्तुर वापत (स्टेशनरी र छपाईको छुट्टा छुट्टै) रु.१०००/-बुझाई (पछि फिर्ता नहुने गरी) दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयबाट खरिद गर्न सक्नेछ ।

२. खरिद भएका दरभाउपत्र फाराम मिति २०७५/०४/२३ गते दिन,दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरु मिति २०७५/०४/२३ गते ,दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खरिद र भोलिपल्ट दाखिला गर्ने कार्य हुनेछ ।

४. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा संलग्न विषयहरु अवगत गरी आफुले आपूर्ति गर्न सक्ने दरको अंक र अक्षरमा प्रष्ट संग लेखि लाहाछापले सिलबन्दी गरेको खामको बाहिर पट्टि स्टेशनरी सामान र छपाई सामान खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय भनि उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा माग भएका सबै आईटमको दररेट नलेखी वा अपुरो दररेट लेखि पेश गरेमा उक्त दरभाउपत्र रद्द गरिने छ ।

५. दरभाउपत्र फाराममा भ्याट बाहेकको इकाई दररेट अंक र अक्षरमा लेख्नु पर्नेछ । दररेट अंक र अक्षरमा फरक भएमा अक्षरको दररेटलाई मान्यता दिईनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्र साथ तोकियको धरौटी बापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक पाल्पा शाखामा रहेको कार्यालय कोड ३०–५०–३५–००१, धरौटी खाता नं. **३०३०३०३००७१०२** मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले न्यूनतम ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानी पत्र (बिड बण्ड) अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएपछि दरभाउपत्रदाताले स्वीकृत अंकको ५% ले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा दाखिला गर्नुपर्नेछ वा खरिद सम्झौता देखी लागु हुने गरी १ बर्ष मान्य अबधि रहेको सो रकम बराबरको परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ ।

८. दरभाउपत्र स्वीकृत गर्ने,आंशिक स्वीकृत गर्ने वा नगर्ने र दरभाउपत्र फाराममा उल्लेखित सामानको परिमाण थपघट गरी आपूर्ति गर्ने / नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. म्याद नाघी आएको वा रित नपुगेको वा सर्त राखी पेश भएको दरभाउपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।

१०. एउटा फर्म,उत्पादक वा कम्पनीको नामबाट खरिद भएको दरभाउपत्र फाराम अर्को फर्म,उत्पादक वा कम्पनीको नामबाट दाखिला गर्न पाईनेछैन ।

११. स्वीकृत दरभाउपत्रदाताले यस कार्यालयलाई आवश्यक परेको बखत आवश्यक पर्ने संख्यामा मसलन्द तथा स्टेशनरी सामान र छपाई सामानहरु स्वीकृत दररेटको आधारमा आ.व.२०७५ /०७६ साल बर्षभरिनै उपलब्ध गराउनु पर्नेछ ।

१२. स्वीकृत दरभाउपत्रदाता संग सम्झौता भई कार्यादेश पाएको मितिले छपाई सामान १५ (पन्द्र) दिन र मसलन्द तथा स्टेशनरी सामान ७ (सात) दिन भित्र आपूर्ति गरी सक्नुपर्नेछ ।

१३. थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको खरिद इकाईमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानून बमाजिम हुनेछ ।

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान रु. हजारमा | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | TAN/SQ/G/PLP/08-074-75 | मसलन्द एवं स्टेशनरी र विजुली तथा सरसफाईका सामान सप्लाई | १२५४।७२ | ३१३६९ | |
| २ | TAN/SQ/G/PLP/09-074-75 | छपाइ सम्बन्धी कार्य तथा सप्लाई | १०१२।७६ | २५३१९ | |

**खरिद इकाई**
**तानसेन नगरपालिका**